# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) माकादुम, रामेछाप, साउन १ गते, २०७९ साल (संख्या २

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ सालको ऐन नं. २**

**विनियोजन ऐन, २०७९**

खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

***नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खाँडादवी गाउँ सभाले यो ऐन बनाएको छ।***

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम ***"खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन, २०७९"*** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ७६,५८,७६,०००/- (अक्षरेपीः छयहत्तर करोड अठाउन्न लाख छयहत्तर हजार रुपैंया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न

र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

(४) यस ऐन बमोजिम तर्जुमा हुने विभिन्न कोष सम्बन्धि कार्यविधि कार्यपालिकाले तर्जुमा गर्न सक्नेछ।

(५) यस ऐन बमोजिम विभिन्न कार्यक्रममा विनियोजित एकमुष्ट रकमको विस्तृत कार्यक्रम बनाई पछि सभाबाट अनुमोदन हुने गरी कार्यन्वयन गर्ने अधिकार कार्यपालिकालाई दिइएको छ।

खाँडादेवी गाउँपालिका

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आर्थिक विकास क्षेत्र | १२६५० | १४९९३ | | २७६४३ |
| २ | | सामाजिक विकास क्षेत्र | २२९६६ | ३०९५२ | | ५३९१८ |
| ३ | | पूर्वाधार विकास क्षेत्र | | ८०४६४ | | ८०४६४ |
| ४ | | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३७५०९ | १०३५० | | ४७८५९ |
| ५ | | कार्यालय संचलान तथा प्रशासनिक | ९६२९२ | १३१४ | | ९७६०६ |
| ६ | | समपुरक अनुदान (संघ) | | १२००० | | १२००० |
| ७ | | समपुरक अनुदान (प्रदेश) | | ५९०४८ | | ५९०४८ |
| ८ | | शसर्त अनुदान (संघ) | २४३००० | २५७०० | | २६८७०० |
| ९ | | शसर्त अनुदान (प्रदेश) | १९१५८ | | | १९१५८ |
| १० | | विशेष अनुदान (संघ) | | १२००० | | १२००० |
| ११ | | विशेष अनुदान (प्रदेश) | २२५०० | | | २२५०० |
| १२ | | गत आ वमा भुक्तानी हुन. बाँकी योजनाहरु | | १३८३६ | | १३८३६ |
| १३ | | संघ तथा प्रदेशलाई फिर्ता गर्नुपर्ने रकम | ५११४४ | | | ५११४४ |
| १४ | | लगानी (ऋण/शेयर) | | | | |
| | | **कुल** | **५०५२१९** | **२६०६५७** | | **७६५८७६** |

नोटः यसमा सामाजिक सुरक्षा भत्ता गरिवसँग विश्वेश्वर कार्यक्रम र अन्य निकायबाट , प्राप्त हुन सक्ने रकम समावेश गरिएको छैन।

## आ.व. ०७९/८० को अनुमानित आय/व्यय विवरण

रु. हजारमा

| आयतर्फ | बजेट रकम | व्ययतर्फ | बजेट रकम |
|---|---|---|---|
| **१. संघबाट प्राप्त** | **५३६१०६** | क.प्रशासनिक तथा कार्यालय संचालन खर्च (वडा कार्यालय) | ११७०० |
| क. वित्तिय समानिकरण | १५३८०० | ख.प्रशासनिक तथा कार्यालय संचालन खर्च (गाउँपालिका) | ८५९०६ |
| ख.राजश्व बाँडफाँट | ९५६०६ | ग.वडा समिति | ७५४५९ |
| ग.सशर्त अनुदान | २६८७०० | घ.MTMP सडक | २७००० |
| घ. विशेष अनुदान | १२००० | ङ.जनतासँग अध्यक्ष कार्यक्रम | २०००० |
| ङ.समपूरक अनुदान | ६००० | च.उपाध्यक्षसँग महिला कार्यक्रम | ५००० |
| **२.प्रदेशबाट प्राप्त** | **११४८०१** | छ.गाउँ अस्पताल | १३००० |
| क.वित्तिय समानीकरण | १५०७५ | ज.वडा कार्यालय भवन | ६८०० |
| ख.राजश्व बाँडफाँट | २८५४४ | झ.हेफर | ७५०० |
| ग.सशर्त अनुदान | १९१५८ | ञ.गाउँपालिका क्यान्टिन संचालन | ७०० |
| घ.विशेष अनुदान | २२५०० | ट.स्वास्थ्य भवन तला थप | ३५५२ |
| ङ.समपूरक अनुदान | २९५२४ | ठ.एम.जि.एम.एल | ८८७ |
| **३.आन्तरिक आय तर्फ** | **६०१६२** | ड.विपद व्यवस्थापन | २००० |
| क.दहत्तर बहत्तर शुल्क | ४३०६६ | ढ.शैक्षिक कार्यक्रम | ४००० |
| ख.स्थानीय राजश्व | ५२६० | ण.कृषि पशुपन्छी कार्यक्रम | ६००० |
| ग.नेपाल दुरसंचार प्राधिकरण | ११८३६ | त.स्वास्थ्य कार्यक्रम | १००० |
| **४.गत आ.व.को अल्या** | **५२२७१** | थ.वन तथा वातावरण | ६०० |
| **५.विषयगत तर्फ** | **१३१९५०** | द.सुशासन कार्यक्रम | १००० |
| क.गरिबसँग विश्वेश्वर कार्यक्रम | १००० | ध.गुम्बा,मठमन्दिर पार्क | २००० |

| | | | |
|---|---|---|---|
| ख.सामाजिक सुरक्षा | १३०००० | न.पर्यटन प्रवर्दन कार्यक्रम | ५०० |
| ग. सडक बोर्ड | ५०० | प.ग्रामिण उद्योग संचालन कार्यक्रम | ५०० |
| घ.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५० | फ.अल्पसंख्यक कार्यक्रम | १००० |
| **६.अन्य** | **१००००** | ब.खानेपानी प्रभावित क्षेत्र | १००० |
| क.स्थानीय/प्रदेश/संघ/ गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | १०००० | भ.DPR (सडक खानेपानी ड्याम) | ५०० |
| **जम्मा** | **९०५२९०** | म.सूचना प्रविधि | १२०० |
| | | य.दलित कार्यक्रम | १००० |
| | | र.रोलर मेसिन | ५००० |
| | | ल.खाँडादेवी विकास कोष | १०००० |
| | | व.गत आ.व.को भुक्तानी हुन बाँकी रकम | २००० |
| | | श.सशर्त(प्रदेश) | १९१५८ |
| | | ष.सशर्त(संघ) | २६८७०० |
| | | स.समपूरक अनुदान (संघ) | १२००० |
| | | ह.समपूरक अनुदान (प्रदेश) | ५९०४८ |
| | | क्ष.विशेष अनुदान (संघ) | १२००० |
| | | त्र.विशेष अनुदान (प्रदेश) | २२५०० |
| | | ज्ञ.गरिबसँग विश्वेश्वर कार्यक्रम | १००० |
| | | अ.सामाजिक सुरक्षा | १३०००० |
| | | आ. सडक बोर्ड | ५०० |
| | | इ.बोर्डब्यान्ड ईन्टरनेट विस्तार (नेपाल दुरसंचार प्राधिकरण) | ११८३६ |
| | | ई.संघ तथा प्रदेशलाई फिर्ता गर्नुपर्ने रकम | ५११४४ |

खाँडादेवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | उ.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ६०० |
| | | ऊ.स्थानीय/प्रदेश/संघ/गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | २०००० |
| | | **जम्मा** | **९०५२९०** |

**सभाबाट पारित मिति: २०७९।०३।३०**

**प्रमाणीकरण मिति: २०७९।०४।०१**

**आज्ञाले,**
**नारायण लामिछाने**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



**मूल्य रू. ५।-**